**....................**

...............................

# विधान

२०..........

**..........................**

## याङवरक-........, ...................., पाँचथरको

# विधान - २०८२

**प्रस्तावना :-**

देशको बदलिदो परिस्थितिमा नेपाल सरकारको देश विकास गर्ने नीतिलाई आत्मसाथ गर्दै सामाजिक सेवा, खेलकुद सम्बन्धी गतिविधि साथै खेलकुद विकासको कार्यमा स्थानीय स्रोत साधनमा युवाहरुको अधिकतम् परिचालन गरी देशको चौतर्फी विकासमा सहयोग पुऱ्याउने उद्देश्यले यो संस्था स्थापना गरिएको छ । यस संस्थाले युवाहरुमा नेतृत्वदायी भूमिकाको विकास गर्दै समग्र खेलकुद क्षेत्रको विकास र संवर्द्धन, मानव विकासको संरक्षण, पर्यटन प्रवर्द्धन, लागु औषध तथा दुर्व्यसनी निवारण जस्ता क्षेत्रमा कार्य गर्न वाञ्छनीय भएकोले **"..................................., पाँचथर"** को यो विधान याङवरक गाउँपालिकाको संस्था दर्ता ऐन २०८३ को अधिनमा रहि तर्जुमा गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

### १. संस्थाको नाम :

संस्थाको नाम "................." रहने छ । जसको अङ्ग्रेजीमा ............ हुनेछ । संक्षिप्तमा नेपाली : ............. र अङ्ग्रेजीमा .......................... हुने छ ।

क) संस्थाको कार्यालय रहने ठेगाना :
संस्थाको कार्यालय पाँचथर जिल्ला याङवरक वडा नं. ........मा रहने छ । आवश्यकता अनुसार यस संस्थाको सम्पर्क कार्यालय स्थानीय अधिकारीको स्वीकृति लिई अन्य पालिका वा जिल्लामा समेत रहने छ ।

ख) संस्थाको कार्य क्षेत्र :
यस ........................... याङवरक गाउँपालिका भरी हुने छ । दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संस्थाको शाखा र कार्यक्रम विस्तार गर्न सकिनेछ ।

ग) प्रारम्भ :
यो विधान याङवरक गाउँपालिकामा दर्ता भएको मिति देखि प्रारम्भ हुने छ ।

घ) संस्थाको अस्तित्व :
यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित, सङ्गठित, गैरनाफामूलक, गैर राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ ।

ङ) संस्था किसिम ..................................................................हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा, यस विधानमाः

क) "विधान" भन्नाले .....................को विधानलाई सम्झनु पर्दछ ।

ख) "संस्था" भन्नाले यस विधान अन्तर्गत स्थापित .........................लाई जनाउँदछ ।

ग) "समिति" भन्नाले यसै विधानको दफा १३ बमोजिम गठित कार्यसमितिलाई जनाउँदछ ।

घ) "साधारण सभा" भन्नाले यस विधान बमोजिम बसेको वार्षिक र विशेष साधारण सभालाई जनाउँदछ ।

ङ) "अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, सदस्य" भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउनेछ ।

च) "पदाधिकारी" भन्नाले संस्थाको (संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष) पदाधिकारीहरुलाई जनाउँदछ ।

छ) "कार्यालय" भन्नाले संस्थाको कार्यालयलाई जनाउँदछ ।

ज) "कोषाध्यक्ष" भन्नाले यस संस्थाको कोषाध्यक्षलाई जनाउनेछ ।

झ) "सदस्य" भन्नाले यस विधान बमोजिम सदस्यता प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ ।

ञ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको साउन १ गतेदेखि असार मसान्तसम्मको अवधिलाई जनाउने छ ।

ट) "दर्ता अधिकारी" भन्नाले याङवरक गाउँपालिकाले तोकेको संस्था दर्ता अधिकारीलाई जनाउँदछ ।

ठ) "स्थानीय तह" भन्नाले याङवरक गाउँपालिकलाई जनाउने छ ।

ड) "नियम-विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँदछ ।

ढ) "तोकिए वा तोकिएको बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम, विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

ण) "................." ................... सर्वोच्च निकाय संस्थाको जनाउने छ ।

त) "सचिवालय" संस्थाको दैनिक काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्ने जनाउने छ ।

थ) "सल्लाहकार" कार्यसमितिको बैठकमा उपस्थिति भई आवश्यक सल्लाह प्रदान गर्ने जनाउनेछ ।

द) "उप-समितिका" संस्थागत कार्यलाई सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि समितिले तोके अनुसारका कार्य गर्ने उप-समिति जनाउने छ ।

ध) "प्रतिनिधि" भन्नाले यस संस्थाको वार्षिक वा विशेष साधारण सभा तथा महाधिवेशनमा सहभागि प्रतिनिधिलाई जनाउने छ ।

न) "अधिवेशन" भन्नाले यस संस्थाको केन्द्रिय महाधिवेशनलाई जनाउने छ ।

प) "जिल्ला खेलकुद विकास समिति" संघीय तथा प्रदेश सरकारले गठन गरेको खेलहरु आवद्ध हुने निकाय जिल्ला खेलकुद विकास समितिलाई जनाउने छ । **(उक्त बुदाँ खेलसँग सम्बन्धित भएमा मात्र)**

## ३. संस्थाको छाप र चिन्ह :

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुने छ । छाप र चिन्ह अनुसूचि १ बमोजिम ढाँचामा हुने छ । तर, संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिने छ ।

# परिच्छेद - २
# उद्देश्य

## ४. संस्थाको उद्देश्य :

यस संस्थाको निम्न लिखित उद्देश्यहरु रहनेछन् :

क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) विभिन्न प्रकारको खेलहरु आयोजना गर्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।

ग) देशमा व्याप्त सबै प्रकारका कुरीति, कुसंस्कार, भेदभाव तथा सामाजिक विकृती र विसंगतिका विरुद्ध जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

घ) दैविक प्रकोप, दुर्घटना, विपन्न र असहायहरुको सहयोग गर्ने ।

ङ) खेलमैदान, पाटीपौवा, स्मृती पार्क र धर्मालय लगायतको सामाजिक निर्माणको लागि सहयोग गर्ने । साथै संस्थाको आवश्यक्ता अनुरा निशूल्का वा स-शूल्क जग्गा प्राप्ति गर्ने ।

च) संस्थाको स्मारीका, पुस्तक र पत्रपत्रिका प्रकाशन तथा प्रशारण गर्नेछ ।

छ) ऐतिहासिक, धार्मिक स्थलको संरक्षण गर्ने, धार्मिक, पर्यटकीय, ऐतिहासिक, पुरातात्विक सम्बन्धी सामाजिक कार्य गर्ने सम्बन्धित निकायहरुलाई सहयोग गर्ने ।

ज) खेलकुद, समाजसेवी र बौद्धिक व्यक्तिहरुो योगदानको मूल्याङ्कन गर्दै सम्मान कार्यक्रम गर्ने ।

झ) युवाहरुलाई कुलतबाट टाढा राख्नको लागि विभिन्न खेलकुलका कार्यक्रमहरु आयोजना गर्ने ।

ञ) शिक्षा, स्वास्थ्य, कृषि, कला, साहित्य, सिप तथा रोजगारमुलक कार्यहरु गर्ने ।

ट) अधिकार, चेतना, पर्यटन, वातावरण, जैविक विविधता, विपद व्यवस्थापन र न्यूनीकरण कार्यको लागि सहयोग गर्ने ।

## ५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ ।

क) यस संस्थाले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा तथा लिजमा लिनदिन सक्नेछ, र कम्प्युटर, टेलिफोन जस्ता कार्यालय यन्त्र उपकरण सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिनदिन गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तीनको सेवा सर्तहरु निर्धारण गर्नेछ ।

घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

ङ) संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न सम्बन्धित निकायबाट सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

च) साम्प्रादायिक सद्भाव, धार्मिक सहष्णिुता, लैगिक समानता, सामाजिक न्याय जस्ता विषयलाई संस्थाले सदैव उच्च प्राथमिकतामा राख्नेछ ।

छ) संस्थाले खेलमैदान निमार्ण गर्न, भवन निमार्ण गर्न वा सावजनि हितको लागि निशूल्क जग्गा प्राप्ति गर्न वा स- शूल्क खरिद गर्न सक्नेछ ।

ज) संस्थाले व्यक्तिसरह चलअचल सम्पति खरीद गरेता पनि अचल सम्पति बेचबखिन गर्ने छैन ।

झ) “प्रचलित कानुन बमोजिम” सस्थालाई आवश्यक पर्ने अन्य आवश्यक कार्यहरु गर्न सक्नेछ ।

# परिच्छेद - ३
# सदस्यता

## ६. सदस्यहरु को वर्गीकरण

यस संस्थामा देहाय बमोजिमका ५ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छ ।

क) साधारण सदस्य : यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले सदस्यता बापत यस विधानको दफा १० को उपदफा १ बमोजिम तोकिएको शुल्क बुझाई तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

ख) आजीवन सदस्य : संस्थाको विकासको लागि विशेष सहयोग योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत साधारण सदस्य मध्येबाट इच्छुक सदस्यलाई कार्य समितिको निर्णयानुसार आजीवन सदस्यता प्रदान गरिने छ ।

ग) संरक्षक सदस्य : यस संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान गरी रहनु भएका व्यक्तिहरुलाई संरक्षक सदस्य प्रदान गरिनेछ ।

घ) मानार्थ सदस्य : यस संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान गरिरहनु भएका विशिष्ट व्यक्ति तथा संस्थाहरुलाई मानार्थ सदस्य प्रदान गरिनेछ ।

## ७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क) नेपाली नागरिक भएको ।

ख) १८ वर्ष उमेर पुगेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना नगरेको ।

ङ) नैतिक पतन देखिने अभियोगमा अदालतद्वारा दोषी प्रमाणित नभएको ।

च) संस्थाको उद्देश्य पूर्तिका लागि निश्वार्थ भावनाले सेवा गर्न चाहने ।

## ८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :

देहायको अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) गैरनेपाली नागरिक ।

ख) १८ वर्ष उमेर पुरा नगरेको ।

ग) मगज बिग्रेको वा बहुलाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ) नैतिक पतन देखिने गरी फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

च) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

छ) साहुको दामासाहीमा परेको ।

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्षभित्र ।

## ९. सदस्यताको समाप्ति :

१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।

क) यस विधान दफा ७ र ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) सम्मेलनको ७५ प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्नु नहुने भनी तोकिएको कुनै कार्य गरे, गराएमा ।

च) सदस्यता शूल्क बुझाउन बाँकी भएमा ।

छ) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

ज) संस्था विघटन भई खारेज भएमा ।

झ) मृत्यु भएमा ।

२) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिइनेछ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

१) साधारण सदस्य : साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु. .............. र नवीकरण बापतको शुल्क ............ भुक्तान गरेका सदस्यको नवीकरण गरिनेछ । साधारण सदस्यता प्राप्त गर्न सदस्यहरुले प्रत्येक वर्ष असार मसान्तभित्र नवीकरण गराइसक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप जरिवाना दस्तुर बुझाई नवीकरण गर्न सकिनेछ ।

२) आजीवन सदस्य : संस्थामा एकमुष्ट रु. ......... बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

३) मानार्थ सदस्य : साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ट, व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिक तथा विदेशी महानुभावहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

४) संरक्षक सदस्य : यस संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान गरी रहनु भएका व्यक्तिहरुलाई एकमुष्ट रुपमा रु. .......... बुझाएमा संरक्षक सदस्य प्रदान गरिनेछ ।

५) कुनै पनि आवेदनलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

६) सबै सदस्यहरुले यस विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्ने छ ।

७) संस्थाले प्रदान गरेको (१), (२), (३), (४) र (५) अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

# परिच्छेद - ४
# साधारण सभा, कार्यसमिति तथा बैठक सम्बन्धी व्यवस्था

## ११. वार्षिक साधारण सभा :

यस संस्थाको साधारण सभा देहाय बमोजिम हुने छ ।

क) वार्षिक साधारण सभा :

वर्षको एक पटक वार्षिक साधारण हुनेछ । साधारण सभामा प्रदेश समिति र जिल्ला कार्य समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षहरु र आजीवन, संरक्षक, संस्थापक सदस्यहरुको

भेला गरी वार्षिक साधारण सभाको आयोजना गरी वार्षिक कार्यक्रमको तय तथा स्वीकृत गर्नेछ ।

ख) विशेष साधारण सभा :

संस्थाको कुल सदस्य संख्याको एक चौथाइ सदस्यहरुले कारण जनाई विशेष साधारण सभाको माग गरेमा विशेष साधारण कार्यसमितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्यरुपमा बोलाउनुपर्ने छ । तर, वार्षिक साधारण सभा वा विशेष सभा बसेको छ महिनाभित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

१) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारणहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ महिनाभित्र गरिने छ ।

२) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्न विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइने छ ।

३) उपदफा ४ बमोजिम बोलाइएको वार्षिक साधारण वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनेको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

४) वार्षिक साधारण र विशेष साधारण सभाको अभिलेख छुट्टा छुट्टै निर्णय पुस्तिकामा राखिने छ ।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

साधारणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) कार्यसमितिले पेश गरेको योजना कार्यक्रमहरु वार्षिक बजेटहरु पारित गर्ने ।

ख) लेखा परिक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएको अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नका लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षका लागि लेखा परीक्षक नियुक्त गर्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधान बमोजिम प्रक्रिया अन्तर्गत रही वार्षिक साधारण सभाले कार्य अवधि थप्न सक्नेछ । विशेष तथा महाधिवेशनबाट नयाँ कार्य समितिका लागि निर्वाचन प्रक्रियाबाट हुनेछ ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) कार्य समितिबाट संस्थाको हित स्रोतबाट अनूकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

ज) संस्थाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचरीहरुको दरवन्दी भत्ता, पारिश्रमिक तथा अन्य सुविधाहरु आवश्यकता अनुसार स्वीकृति प्रदान गर्ने ।

झ) कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ञ) विधान बमोजिम अन्य काम गर्ने ।

ट) संस्थाको सर्वोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने, गराउने ।

ठ) वार्षिक साधारण सभामा सल्लाहकार सदस्यता प्रदान गर्ने ।

## १३. कार्य समितिको गठन :

१) अधिवेशनका प्रतिनिधि सदस्यहरु मध्येबाट कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित हुने गरी समावेशिताको आधारमा निर्वाचित देहाय बमोजिमको कार्यसमितिको गठन गरिनेछ । साथै कार्य समितिको प्रमुख तिन पद अध्यक्ष, सचिव र कोषध्याक्ष मध्ये एक पदमा अनिवार्य महिला हुनेछ ।

क) अध्यक्ष - १
ख) उपाध्यक्ष - १
ग) सचिव - १
घ) कोषाध्यक्ष - १
च) सदस्य - ............ जना

२) कार्य समितिको कार्यकाल ...... (...........) वर्षको हुनेछ ।

३) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पद पूर्ति गरिने छ ।

४) कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर, कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशत बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्ने छ ।

५) कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको कुल सङ्ख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभई, कार्यसमितिको बैठक बस्ने छैन ।

६) कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुने छ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

८) कार्यसमितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्ने छ । तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्ने छ ।

९) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुने छ ।

१०) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिने छ ।

## १४. कार्य समितिको काम, कर्तव्य र अधिकार :-

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधरण सभामा प्रस्तुत गर्ने,

२) विधान बमोजिमको व्यवस्था पालना गरी साधरण सभाको निर्णय कार्यान्वयन गर्ने, गराउने,

३) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने,
४) साधारण सभाप्रति उत्तरदायी रहने,
५) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने,
६) संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।
७) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने बैंक खाता खोली संचालन गर्ने,
८) संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धित कर्मचारी नियमावली बनाई सम्मेलनबाट स्वीकृत गराई लागु गर्ने, गराउने,
९) संस्थाको उद्देश्य परिपुर्तिको लागि आफ्ना कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति, अन्य समिति उप-समिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने,
१०) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## १५. पद त्याग गर्न सक्ने :-

अध्यक्षले उपाध्यक्ष मार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन् ।

## १६. अन्य समितिहरु :

१) यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समिति गठन गर्न सक्ने छ तर सो साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनुपर्ने छ ।
२) उप-समितिको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

# परिच्छेद - ५
# पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

## १७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-

कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१) अध्यक्षको काम, कर्तव्य र अधिकार :-**

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने,
ख) निर्णायक मत दिने,
ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,
घ) संस्थाको नेतृत्व लिने,
ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने,
च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने,
छ) अभिलेख प्रमाणित गर्ने,
ज) वैदेशिक तथा आन्तरिक संस्थाहरुसँग सम्बन्ध राख्दा आवश्यक सम्झौता गर्ने,
झ) कुनै पदाधिकारीको अनुपस्थितिमा सो पदाधिकारीले गर्ने काम अन्य कुनै पदाधिकारी वा सदस्यलाई गराउन लगाउने,
ञ) संस्थाको सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।
ट) कार्य समितिमा २ जना सदस्य मनोनित गरी अनुमोदन गरिने ।

**२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :-**

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

**३) सचिवको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने,

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने,

ग) अभिलेख सुरक्षित राख्ने,

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने,

ङ) संस्थाको गोपनियता कायम गर्ने,

च) जिन्सी वा नगद सामानको लगत राख्ने,

छ) मासिक रुपमा संस्थाबाट भए गरेका कामहरुको प्रतिवेदन तयार गरी कार्य समिति समक्ष पेश गर्ने,

**४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने,

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

ग) लेखा दुरुस्त राख्ने,

घ) नियमित रुपमा वार्षिक लेखा परीक्षण गराउने,

ङ) चल अचल सम्पत्तिको जिम्मेवारी बहन गर्ने,

च) कुनै पनि निकायबाट संस्थाको लेखा सम्बन्धी प्रतिवेदन माग गरेमा तयार गरी पेश गर्ने ।

**५) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने,

ग) अध्यक्ष र उपाध्यक्षले तोकेको अन्य कार्य गर्ने,

घ) संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक सहयोग र पहल गर्ने ।

### १८. गण पूरक संख्या :

१) कुल सदस्य संख्याको ६० (साठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभई सभा काम कारबाही हुने छैन ।

२) तर, विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुनः बोलाइएको सभामा कुल सदस्य सङख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

### १९. संस्थाको कोष :

१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् ।

क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम ।

ग) संस्थाको चल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

घ) विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट सहयोग बापत प्राप्त रकम ।
ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

२) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार अर्थ मन्त्रालयबाट पूर्व स्वीकृत लिइनेछ ।

३) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

४) संस्थाले आवश्यकता अनुसार हित कोष तथा अक्षय कोष र पुरस्कार कोष सञ्चालन गर्ने ।

## २०. खाता सञ्चालन :

यस संस्थाको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको अनिवार्य संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

## २१. कोषको रकम खर्च गर्ने तरिका :

यस संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमलाई आर्थिक प्रतिवेदन सभामा अनिवार्य रुपले पेश गर्नुपर्ने छ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

ङ) नियम तथा विनियम अनुसार गर्ने ।

## २२. संस्थाको लेखा र लेखा परीक्षण :

१) संस्थाको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिनेछ ।

२) संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफैं वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

४) लेखा परीक्षकको नियुक्ति सभाबाट हुनेछ । तर, प्रथम वार्षिक सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

५) संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्यप्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

# परिच्छेद - ७
# निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

## २३. निर्वाचन सम्बन्धी व्यवस्था :

१) कार्यसमितिको निर्वाचन प्रयोजनका लागि बढीमा ३ (तीन) जनाको एक निर्वाचन समिति कार्यसमितिका सहमतिद्वारा गठन गरिनेछ ।

२) निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्ने छ ।

३) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

## २४. उम्मेद्वार हुने योग्यता :-

कार्य समितिको उम्मेद्वार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

क) सदस्यता वार्षिक नविकरण गरेको हुनुपर्ने छ,

ख) साधारण सदस्य बनी लगातार नविकरण गरेको २ वर्ष अवधि पुरा गरेको हुनुपर्ने छ,

ग) संस्थासँगको कारोबारमा कुनै बाँकी बक्यौता नभएको हुनुपर्ने छ,

घ) संस्थाप्रतिको ईमान्दार र संस्थाको हितमा निरन्तर लागि रहेको हुनुपर्ने छ ।

ङ) तर अर्को निर्वाचन नभएसम्मको लागि यो संस्था दर्ता गठन भएको तदर्थ कार्य समितिलाई माथिको उपदफा (क) र (ख) लागु हुने छैन ।

## २५. अविश्वासको प्रस्ताव :

१) अविश्वासको प्रस्ताव लिखितरुपमा कुन कुन पदाधिकारीका विरुद्धमा हो, स्पष्ट खुलाई देहाय बमोजिमको रीत पुऱ्याई संस्थामा दर्ता गर्नुपर्ने छ ।

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

ख) पस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्दछ ।

ग) सभासदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रस्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ ।

२) उपदफा (१) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई सभा वा विशेष सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम सभा वा विशेष सभा बस्ने सूचना दिइनेछ ।

३) अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :

क) सभामा अध्यक्षता गर्ने व्यक्तिले सभामा उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्नु अनुमति दिने छ र प्रस्ताव पेश गर्ने सदस्यहरुमध्ये १ (एक) जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारणसहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाका लागि आफ्नो भनाइहरु राख्न अनुमति दिइनेछ ।

४) अविश्वासको प्रस्ताव माथि निर्णय :

१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यत्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भने निर्णयका लागि देहाय बमोजिमको कुनै तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा (ख) सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२) सभाको कुल सदस्य सङ्ख्याको २/३ (दई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्सस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुनेछन् ।

३) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको छ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## २६. विधान संशोधन :

कुल सदस्य सङख्याको २/३ (दुई तिहाई) सभा सदस्यहरुले अनुमोदन गरेपछि मात्र संस्थाको कुनै दफा उपदफा वा विधान संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनुपर्ने छ ।

स्थानीय अधिकारीबाट स्वीकृत भएपछि मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

## २७. नियम बनाउन सक्ने :-

क) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र दर्ता अधिकारीलाई सोको जानकारी दिनुपर्ने छ ।

ख) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनुपर्ने छ ।

## २८. कर्मचारीको व्यवस्था :-

क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुने छ ।

ख) संस्थाले विदेश सहयोग प्राप्त गरी संस्थाको सञ्चालन एवं कार्यान्वयन गर्न विदेशी सल्लाकार वा स्वयं सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, जिल्ला विकास समिति समाज कल्याण परिषद्मा समेत जानकारी गराइने छ ।

## २९. संस्था खारेजी :-

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजीम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि लेखा परीक्षकहरु नियुक्त गर्न सक्ने छन् ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुने छ ।

४. यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा स्वतः स्थानीय सरकारको हुने छ ।

## ३०. व्याख्या :-

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

## ३१. गोप्यता भंग गर्न नहुने :-

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुको बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

## ३२. ऐन अनुसार हुने :

यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित नेपाल कानुनसँग बाँकी नगएमा बाँकी एको हदसम्म स्वतः निष्क्रीय हुनेछन् ।

## ३३. निर्देशनको पालना :

नेपाल सरकार वा दर्ता अधिकारीले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुने छ ।

## ३४. तदर्थ समिति :

१) यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ समितिले ६ (छ) महिनाभित्र सम्मेलन बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउनेछ र सोको जानकारी दर्ता अधिकारीलाई दिइने छ ।

२) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरु यसै विधान सरह भएको मानिने छ ।

## तदर्थ समिति सदस्य तथा साँक्षीहरु

| क्र.सं. | तदर्थ समिति | साँक्षी |
|---|---|---|
| १ | नामथर-<br>ठेगाना-<br>पद<br>ना.प्र.नं.<br>सर्पर्क नं.<br><br>दस्तखत- | नामथर-<br>ना.प्र.नं.-<br>ठेगाना<br>सर्पर्क नं-<br><br>दस्तखत- |
| २ | नामथर-<br>ठेगाना-<br>पद<br>ना.प्र.नं.<br>सर्पर्क नं.<br><br>दस्तखत- | नामथर-<br>ना.प्र.नं.-<br>ठेगाना<br>सर्पर्क नं-<br><br>दस्तखत- |
| ३ | नामथर-<br>ठेगाना-<br>पद<br>ना.प्र.नं.<br>सर्पर्क नं.<br><br>दस्तखत- | नामथर-<br>ना.प्र.नं.-<br>ठेगाना<br>सर्पर्क नं-<br><br>दस्तखत- |
| ४ | नामथर-<br>ठेगाना-<br>पद<br>ना.प्र.नं.<br>सर्पर्क नं.<br><br>दस्तखत- | नामथर-<br>ना.प्र.नं.-<br>ठेगाना<br>सर्पर्क नं-<br><br>दस्तखत- |
| ५ | नामथर-<br>ठेगाना-<br>पद<br>ना.प्र.नं.<br>सर्पर्क नं.<br><br>दस्तखत- | नामथर-<br>ना.प्र.नं.-<br>ठेगाना<br>सर्पर्क नं-<br><br>दस्तखत- |
| ६ | नामथर-<br>ठेगाना-<br>पद<br>ना.प्र.नं. | नामथर-<br>ना.प्र.नं.-<br>ठेगाना<br>सर्पर्क नं- |

| क्र.सं. | तदर्थ समिति | साँक्षी |
|---|---|---|
| | सर्पर्क नं.<br><br>दस्तखत- | दस्तखत- |
| ७ | नामथर-<br>ठेगाना-<br>पद<br>ना.प्र.नं.<br>सर्पर्क नं.<br><br>दस्तखत- | नामथर-<br>ना.प्र.नं.-<br>ठेगाना<br>सर्पर्क नं-<br><br>दस्तखत- |

अनुसुचि-१

## संस्थाको छाप र चिन्हको विवरण

यस संस्थाको छाप .....................................................। जुन यसप्रकार हुनेछ।

अनुसूचि-२

# सपथ

म................................................................. यस अन्येम स्पोटिङ क्लवको साधारण सभाबाट ..................................... पदमा निर्वाचित भएकोमा आफ्नो कार्यकालको अवधिमा संस्थाको विधान, नीति, नियम अनुसार संस्थाको हित र स्वार्थलाई सर्वोपरी मानी कसौको प्रलोभनमा नपरि व्यक्तिगत स्वार्थ हितलाई त्यागि संस्था प्रति मन, वचन र कर्मले आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने छु ।

सपथ गराउने | सपथ लिने